स्थानीय राजपत्र

मिर्चैया नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ७ संख्या १२ असोज २९ गते २०८० साल**

भाग-२

**मिर्चैया नगरपालिका**

**रामनगर मिर्चैया,सिरहा**

सूचना न.१२

# मिर्चैया नगरपालिकाको “घ” वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०८०

स्थानीयस्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँचको लागि वाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ १०) र मिर्चैया नगरपालिकाको निर्माण व्यवसाय ऐन, २०८० को दफा २२ले दिएको अधिकार प्रयोग गरी मिर्चैया नगरकार्यपालिकाको मिति २०८०।०६।२९ को बैठक ले कार्यविधि स्वीकृत गरि जारी गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम “ मिर्चैया नगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत-पत्र सम्बन्धी कार्यविधि २०८०” रहेको छ ।

(२) यो कार्यविधि मिर्चैया नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भए पछी लागू हुनेछ ।

(३) यो कार्यविधि मिर्चैया नगरपालिका क्षेत्र भित्र लागू हुनेछ ।

**२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानून बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धी कार्य सम्झनु पर्छ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँछ ।

(ख) निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम दर्ता भएको फर्म वा कम्पनी सम्झनु पर्छ ।

(ग) "इजाजत-पत्र भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि दफा ४ बमोजिम दिइने इजाजत-पत्र सम्झनु पर्छ ।

(च) "संगठित संस्था" भन्नाले नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनु पर्छ ।

(छ) "प्राविधिक भन्नाले सार्वजनिक निर्माण कार्यमा रेखदेख र सुपरिवेक्षण गर्न नेपाल सरकार तथा सम्बन्धित संगठित संस्थाको तर्फबाट खटिएको प्राविधिक कर्मचारी सम्झनु पर्छ ।

(ज) "गुणस्तर" भन्नाले सार्वजनिक निर्माण कार्य गर्न गराउनको लागि आव्हान भएको प्रस्ताव अनुसार प्रस्तावक र सो प्रस्तावको स्वीकृतिकर्ताको बीच भएको सम्झौतापत्र वा त्यस्तो सम्झौतापत्रको अभिन्न अंगको रुपमा रहेको कागजात, ड्रइङ्ग, डिजाइन तथा स्पेसिफिकेशनमा उल्लेख भए बमोजिमको गुणस्तरलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## इजाजत-पत्र सम्बन्धी व्यवस्था

३ **इजाजत-पत्रको लागि दरखास्त दिनु पर्नेः**(१)सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा मिर्चैया नगरपालिकाको कार्यालयमा प्रमुख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-२ वमोजिमको त्यस्तो दरखास्तवाला निर्माण व्यवसायीको आर्थिक क्षमता तथा प्राविधिक योग्यता अनुसुची-२ बमोजिम भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनीयर/सव ईन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा दरखास्तमा उल्लेख भएको विवरणसँग सम्बन्धित अन्य कुनै कागजात आवश्यक पर्ने देखेमा प्रमुख प्रशासकीय अधिकृतले दरखास्तवाला निर्माण व्यवसायीलाई थप कागजात पेश गर्न लगाउन सक्नेछ ।

(४) नियम (२) र (३) बमोजिम जाँचबुझ गर्दा दरखास्तवाला निर्माण व्यवसायीको माग बमोजिम इजाजतपत्र दिन मनासिव देखेमा समितिले दरखास्त परेको मितिले तीस दिनभित्र घ वर्गको लागि इजाजतपत्र दिन समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ

(५) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत तोकिए बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ । .

(६) उपनियम (५) बमोजिम दिइएको इजाजतपत्रको अभिलेख अनुसूची-४ बमोजिम को ढाँचामा पासवुक अद्यावधिक गराई राख्नु पर्नेछ ।

(४) **इजाजतपत्रको अवधि र नवीकरणः** (१) दफा ३(५) बमोजिम प्रदान गरिएको इजाजतपत्र दफा ५ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजतपत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरीसकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाणपत्र तथा

फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित मिर्चैया नगरपालिकावाट तोकिए वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ ।

(३) इजाजत पत्र नविकरण गर्न मिर्चैया नगरपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पासवुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी पासवुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न मिर्चैया नगरपालिका वाध्य हुनेछैन ।

(४) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिनाभित्र सबै प्रकृया पुरा गरी इजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा तोकिए बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र नवीकरण गरीदिनेछ ।

५) **इजाजतपत्रको खारेजीः** (१) देहायको अवस्थामा मिर्चैया नगरपालिकाले निर्माण व्यवसायीको इजाजतपत्र खारेज गर्न सक्नेछः

(क) झुठ्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुठ्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखिआएमा ।

२) उपदफा (१) बमोजिम इजाजतपत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ४ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा मिर्चैया नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा क्रम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

६) **इजाजतपत्रको प्रतिलिपी दिने व्यवस्थाः** कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा मिर्चैया

नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिमको दस्तुर लिई इजाजतपत्रको प्रतिलिपी दिनु पर्नेछ ।

७) **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

८) **बचाउः** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिने छ।

अनुसूची -१
कार्यविधि को दफा ३ को उपदफा (१) संग सम्वन्धित
इजाजत पत्रका लागि दिइने दरखास्त

विषय :- इजाजतपत्र पाउ भन्ने बारे ।

श्री मिचैंया नगरपालिका नगर कार्यपालिकाको कार्यालय
रामनगर मिचैंया,सिरहा ।

यस मिचैंया नगरपालिकाको कार्यविधि "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०८० वमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरेको छु ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको नाम :-
ठेगाना :-
सम्पर्क नम्वर :- ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति
प्राईभेट लिमिटेड कम्पनी :- पब्लिक लिमिटेड कम्पनीः
एकलोटी व्यवसाय :- साझेदारी व्यवसायः

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-
नाम :-
ठेगाना :-
सम्पर्क नम्वरः ईमेल :-

४. फर्म वा कम्पनीको विवरण
दर्ता नं :- दर्ता मिति :-
अधिकृत पूँजि :- जारि पूँजि :-

५ दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-
क) इजाजतपत्र लिन चाहेको वर्ग :- (ख ) वर्ग घ बर्ग

६ आर्थिक श्रोतको विवरण

| विवरण | रकम | बित्तिय सस्था बैकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्धती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

७. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि न | नाम तथा विवरण | दर्ता नम्वर | क्षमता सख्या | मुल्य | खरिद मिति | अन्य |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

द्रष्टव्य :- यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनु पर्नेछ ।

८. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि न | निर्माण सम्वन्धि कामको अनुभव | काम गरेको साल | रकम | ठेक्का दाता कार्यालयको नाम | कामको अवस्था प्रगतिको अवस्था |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

९. करचुक्ता गरेको प्रमाण कागजात:-

क.

ख.

ग.

यस दरखास्तमा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको

दस्तखत :-

मिति :-

द्रष्टव्य :- यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले मार्ग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची -२
### कार्यविधि को दफा ३ को उपदफा (२) संग सम्वन्धित
### मिर्चैया नगरपालिका,रामनगर मिर्चैया ,सिरहा
### "घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

**१. आर्थिक क्षमता** :- प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभाग वा अन्तर्गतका निकायमा दर्ता भएको हुनु पर्नेछ ।

**२. मुख्य जनशक्ति विवरण** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

**३. मेशीन र उपकरण** :-

(क) ट्रिपर रटयाक्टर (एक र एक थान)

(ख) मिक्स्चर मेसिन (एक थान)

(ग) थेरोलाइट । लेभल मेशीन (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

द्रष्टव्य :-

१. उपकरणको नामावली पेस गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बीमा गरेको कागजातहरु पेस गर्नु पर्नेछ ।

२. माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तिमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लेखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

४. ट्रिपर र टयाक्टरको हकमा खरिद गरेको विल वा दुई वर्ष सम्म भाडामा लिएको सम्झौता पत्र पेस गर्नु पर्नेछ ।

५ पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

अनुसूची -३
कार्यविधि को दफा ३ को उपदफा (५) सँग सम्बन्धित
मिर्चैया नगरपालिका
रामनगर मिर्चैया,सिरहा

## इजाजत-पत्र

मिति :-

इजाजत-पत्र नं. :-
संकेत नम्वर :-

प्रो :-
ठेगाना :-

घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०८० को दफा३ को उपदफा (५) बमोजिम निर्माण व्यवसाय गर्न ................स्थित कार्यालय भएको फर्म वा कम्पनीलाई इजाजतपत्र प्रदान गरिएको छ ।

घ

इजाजत पत्र दिनेको :-
दस्तखत :-
नाम :-
पद :-
मिति

नोट :-
१) यो इजाजत पत्र एक आर्थिक वर्षसम्म बहाल रहने छ ।
२) प्रत्येक वर्षको श्रावण महिना देखि आश्विन मसान्त भित्र न.पा. ले तोकेको दस्तुर तिरी इजाजत पत्र नविकरण गर्नु पर्ने छ ।
३) आश्विन मसान्त भित्र नविकरण नगरी म्याद नाघेको ६ महिना भित्र तोकिएको दस्तुर तिरी नविकरण गर्न सकिने छ ।
४) नवौ महिनामा पनि नविकरण नभएको इजाजत पत्र स्वत खारेज हुनेछ ।

**नविकरण विवरण**

| नविकरण गर्ने अधिकारी | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | नविकरण दस्तुर भौचर नं. र मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची -४
दफा ३ को उपदफा ६ सँग सम्वन्धित
निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| क्र. स | आयोजना को नाम | सार्वजनिक निकायको विवरण | सयुक्त उपक्रम को नाम यदि भएमा | शेयर प्रतिशतमा | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण यदि भएमा | भेरिएसनको विवरण यदि भएमा | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क ठेक्का रकम | क. नामः | क. थप समय | क.variation पछिको contract amount | क. सम्पन्न रकम | क. अन्तिम ठेक्का रकम | |
| | | | | | .......... | .......... | .......... | .......... | .......... | .......... | |
| | | | | | ख. सम्झौता मिति | ख. पद | ख. नाम :- | ख. variation को निर्णय गर्ने पदा धिकारीको नाम | ख. सम्पन्न मिति :- | ख. सम्पन्न मिति | |
| | | | | | .......... | .......... | .......... | .......... | .......... | .......... | |
| | | | | | | ग.ठेक्का अवधि | ग.हस्ताक्षर | ग. पद | ग. पद | सम्पन्न % | |
| | | | | | .......... | .......... | .......... | .......... | .......... | | |
| | | | | | | घ. छाप | घ.हस्ताक्षर | घ.नामः | घ.नाम :- | घ.छाप | |
| | | | | | | .......... | .......... | .......... | .......... | | |
| | | | | | | | घ. निर्णय मिति | घ. छाप | घ. पद | घ. पद | |
| | | | | | | | .......... | .......... | .......... | | |
| | | | | | | | छाप | .......... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | | | .......... | .......... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | .......... | .......... | |

आज्ञाले
बिष्णु रंजन बराल
प्रमुख प्रशासकिया अधिकृत